# रामपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं. ०८३/८४

फोन नं. ०७५-४००१४५


मिति :- २०८३/०६/०८
ने.सं. ११४६ ञँलाथ्व, १३ बिहीवार

सूचना! सूचना! ! सूचना! ! !

**विषयः विद्यालय विदा सम्बन्धी सूचना ।**

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, मिति २०८३।०६।०७ गतेको पत्रानुसार **असोज ८ र ९ गते स्थानीय तहको समन्वयमा विद्यालय विदा गर्न** अनुरोध भई आएकोले हाल यस नगर क्षेत्र सहित विभिन्न स्थानमा **अविरल वर्षा, बाढी, पहिरो तथा विपद्को जोखिम** बढिरहेको अवस्थालाई मध्यनजर गर्दै रामपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण शैक्षिक संस्थाहरूमा देहायबमोजिम विदा दिने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय

१. रामपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित **सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु मिति २०८३ असोज ८ गतेदेखि ९ गतेसम्म २ (दुई) दिन पठनपाठन बन्द रहनेछ।**

२. उक्त २ (दुई) दिनको विदा **आगामी हिउँदे/जाडो विदाबाट २ (दुई) दिन कट्टी हुने गरी** शैक्षिक क्यालेण्डरमा समायोजन गर्नुपर्नेछ।

३. विद्यालय विदाको अवधिमा विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको **सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकता** दिई नदी, खोला, पहिरो तथा अन्य जोखिमयुक्त क्षेत्रमा आवतजावत नगर्न/नगराउन सम्बन्धित विद्यालयले आवश्यक सूचना तथा सहजीकरण गर्नुपर्नेछ।

४. यस सूचनाको आवश्यक जानकारी विद्यार्थी, अभिभावक, शिक्षक तथा सम्बन्धित सबैमा गराई कार्यान्वयन गर्नुहुन अनुरोध छ।

२०८३.०६.०८

सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

**सुर्य दर्शन पण्डित**
**प्रमुख प्रशासकीय अधिकृत**